**आकाशवाणी समाचार- नेपाली**

मितिः १६ मई २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

१. पश्चिम बंगाल सरकारले कोलकाताको आर.जी. कार मेडिकल कलेज तथा अस्पतालका पूर्व प्रधान अद्यापक सन्दीप घोषलाई मुद्दा चलाउन स्वीकृति दिएको छ ।

२. मुख्यमन्त्री शुभेन्दु अधिकारीको नेतृत्वमा रहेको नयाँ सरकारले राज्यमा भ्रष्टाचारमुक्त र पारदर्शी प्रशासन प्रदान गर्ने दिशामा ठूलो प्रशासनिक कदम चालेको छ।

३. तृणमूल सरकारका पालामा केन्द्र र राज्यका विभिन्न परियोजनाहरूमा धोखाधडीको आरोपको छानबिन गर्न राज्य सरकारले एक आयोग गठन गरेको छ।

४. मुख्यमन्त्री शुभेन्दु अधिकारीले हिजोदेखि जनता दरबार सुरु गर्नु भएको छ।

५. गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन (GTA) ले एक आदेश जारी गर्दै विभिन्न कार्यालयहरूमा पुनः रोजगारी वा सेवा विस्तारमा रहेका रिटायर्ड कर्मचारीहरूको नियुक्ति तत्काल प्रभावले समाप्त गरेको छ।

.

**पश्चिम बंगाल -आर जी कर कॉलेज**

पश्चिम बंगाल सरकारले कोलकाताको आर.जी. कार मेडिकल कलेज तथा अस्पतालका पूर्वप्रिन्सिपल सन्दीप घोषलाई मुद्दा चलाउन स्वीकृति दिएको छ । मुख्यमन्त्री शुभेन्दु अधिकारीले एक आधिकारिक आदेश जारी गर्दै ईडीलाई घोषलाई कथित वित्तीय अनियमितता र मनी लाउन्ड्रिंगको आरोपमा मुद्दा चलाउन अनुमति दिएको बताउनुभयो। उहाले यसअघिको त्रिणमूल सरकारले लामो समयदेखि जबरजस्ती अनैतिक रुपमा अनुसन्धान प्रक्रिया रोकेको बताउनुभयो । आधिकारिक आदेशका अनुसार, पश्चिम बंगालका राज्यपाल आरएन रविले एफआइआर, रेकर्ड र तथ्यहरूको जाँच गरेपछि कोलकाताको आरजी कर मेडिकल कलेज र अस्पतालका तत्कालीन प्रिन्सिपल सन्दीप घोषलाई अदालतमा मुद्दा चलाउनु पर्ने निर्णय गरेको हो ।
यो मुद्दा एक प्रशिक्षार्थी डाक्टरको बलात्कार र हत्यासँग पनि सम्बन्धित छ, जसको शव गत वर्ष ९ अगस्टमा अस्पतालको सेमिनार कोठामा फेला परेको थियो। यसैबीच, २९ नोभेम्बर २०२५ मा सीबीआईले आरजी कर मेडिकल कलेज र अस्पतालमा वित्तीय अनियमितताको सम्बन्धमा आरोपपत्र दायर गरिएको थियो। आरोपपत्रमा वित्तीय अनियमिततामा संलग्न भएको अभियोगमा सन्दीप घोष, डॉ. आशीष कुमार पांडे, बिप्लब सिंघा, सुमन हजरा अनि अफसर अलि खानविरुद्ध मुद्दा दायर गरेको हो । कलकत्ता उच्च अदालतको आदेशपछि अनुसन्धान सुरु गरिएको थियो।

**प्रशासनिक कदम**

मुख्यमन्त्री शुभेन्दु अधिकारीको नेतृत्वमा रहेको नयाँ सरकारले राज्यमा भ्रष्टाचारमुक्त र पारदर्शी प्रशासन प्रदान गर्ने दिशामा ठूलो प्रशासनिक कदम चालेको छ। राज्य सरकारले पश्चिम बंगाल सिविल सेवा (डब्ल्यूबीसीएस) का कैयौँ अधिकारीहरूलाई मन्त्रीहरूको "कार्यकारी सहायक" को रूपमा नियुक्त गरेको छ। राज्य कार्मिक र प्रशासनिक सुधार विभागले जारी गरेको अधिसूचनामा अधिकारीहरूलाई तुरुन्त नयाँ जिम्मेवारी लिन निर्देशन दिइएको छ। स्रोतका अनुसार सफा छवि, पारदर्शी कार्यशैली र राजनीतिक रुपमा निष्पक्ष सेवा रेकर्डका आधारमा उनीहरु छनोट गरिएको हो । स्वतन्त्रतापछि पहिलो पटक पश्चिम बङ्गालमा भारतीय जनता पार्टीको सरकार बनेपछि राज्यको प्रशासनिक संरचनामा ठुलो परिवर्तन हुन थालेको छ। मुख्यमन्त्री शुभेन्दु अधिकारीले मुख्यमन्त्री

कार्यालय र प्रदेश सचिवालयमा ठूलो फेरबदल सुरु गरेका छन् । नयाँ सरकारले पूर्व मुख्यमन्त्री ममता बनर्जीको कार्यकालमा विस्तारमा काम गरिरहेका ६० वर्ष माथिका २४३ अधिकारीहरूको विस्तारित नियुक्तिहरू पनि खारेज गरेको छ। यसबाहेक मुख्यमन्त्री कार्यालयमा हालै दुई आइएएस अधिकारी नियुक्त भएका छन् ।

**सीएम कैबिनेट**

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारी सरकारले तृणमूल सरकारका पालामा केन्द्र र राज्यका विभिन्न परियोजनाहरूमा धोखाधडीको आरोपको छानबिन गर्न एक आयोग गठन गरेको छ। नयाँ सरकारको दोस्रो मन्त्रिपरिषद् बैठक हिजो बसेको थियो । त्यहाँ आयोग गठन गर्ने निर्णय भएको थियो । यस्तै पछिल्ला केही वर्षमा महिला तथा बालबालिकामाथि भएका अत्याचारको छानबिन गर्न दोस्रो आयोग गठन गरिएको छ । मुख्यमन्त्री शुभेन्दु अधिकारीले हिजो राज्य सचिवालय नबन्नामा पत्रकार सम्मेलन गरी यी दुई आयोग गठनको घोषणा गर्नुभयो ।

बाइट

**पश्चिम बंगाल - मन्त्रीमण्डल बैठक**

पश्चिम बंगालमा भाजपा सरकारले हिजो महत्वपूर्ण मन्त्रीमण्डलको बैठक सम्पन्न गर्यो। मुख्यमन्त्री शुभेन्दु अधिकारीको अध्यक्षतामा सम्पन्न बैठकमा राज्यका सरकारी कर्मचारीहरूको पक्षमा ऐतिहासिक निर्णय लिँदै 7 औं वेतन आयोगलाई राज्यमा लागु गर्ने मंजुरी दिइयो। भाजपाले आफ्नो चुनावी घोषणापत्रमा राज्यका कर्मचारीहरूलाई 7 औं वेतन आयोगलाई लागु गरिने वाचा गरेको थियो। यस निर्णयले राज्यका कर्मचारीहरूको वेतन निकै बढ्नेछ।

अर्को महत्वपूर्ण निर्णय लिँदै धार्मिक आधारमा प्रदान गरिने भत्ताहरु अथवा योजनाहरूलाई तत्काल प्रभावले निलम्बन गरिएको छ। यसमा इमाम वा पुजारी भत्ता आदिलाई बन्द गरिएको छ। यसबाहेक राज्यका महिलाहरूका लागि दूरगामी निर्णयमा एक जूनदेखि प्रति महिना 3000/- रुपियाँ दिने तथा सबै महिलाहरूलाई राज्यको सरकारी बसहरूमा निःशुल्क यात्रा गर्ने प्रस्तावलाई मंजुरी दिइएको छ। केन्द्र सरकारको आयुष्मान भारत योजनालाई राज्यमा लागु गर्ने मंजुरी पनि मन्त्रीमण्डलले दिएको छ। अर्को महत्वपूर्ण निर्णयमा IAS र IPS अधिकारीहरूलाई अब उसो केन्द्रीय प्रशिक्षण कार्यक्रममा सहभागीता गर्न सक्ने छ।

बैठकमा मन्त्रीहरू दिलीप घोष, अग्निमित्रा पाल, अशोक कृतिनिया, सुकान्त मजुमदार र निशिथ प्रामाणिक उपस्थित थिए। यसैबीच मुख्यमन्त्री शुभेन्दु अधिकारीले अवैध अनिक्रमणहरूलाई हटाउने कार्य जारी रहने तथा यसको विरोधमा बंगाल बन्द गरेर ढुगा-मुडा गर्नेलाई विरुद्ध कडा कारबाही गरिने चेतावनी पनि दिनु भयो। अर्को घटनाक्रममा मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज देखि जनता दरबार सुरु गर्नु भएको छ। जनताको समस्या सुन्न र समाधान गर्न प्रत्येक सोमबारको दिन कोलकाताको सल्ट लेक स्थित उहाँको कार्यालयमा बिहान 9 बजेदेखि 30 मिनेट देखि 11 बजेसम्म उहाँले जनता दरबारमा जनसुनवाई गर्नु हुनेछ।

**फलता विधानसभा**

दक्षिण २४ परगना जिल्लाको फलटा विधानसभा सिटको उपचुनावको तयारी अन्तिम चरणमा पुगेको छ । निर्वाचन आयोगले यस सीटका लागि २१ मे बिहीबार मतदान गराउनेछ। यो उपचुनावमा कुल छ उम्मेदवार प्रतिस्पर्धामा छन् । यस पटक सबै उम्मेदवार पुरुष रहेका छन् भने कुनै पनि महिला उम्मेदवारले उम्मेदवारी दिइरहेकी छैनन् । निर्वाचन आयोगका अनुसार फाल्टा विधानसभा क्षेत्रमा दुई लाख ३६ हजार ४४४ मतदाता रहेका छन् । जसमा एक लाख २१ हजार ३०० पुरुष र १ लाख १५ हजार १३५ महिला मतदाता रहेका छन् भने तेस्रो लिङ्गका नौ मतदाता रहेका छन् । यसैबीच निर्वाचनका लागि आयोगले २८५ मतदान केन्द्र स्थापित गरेको छ । यसमा २६१ मुख्य मतदान केन्द्र र २४ थप मतदान केन्द्र रहेका छन् । आयोगले उपचुनाव स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न व्यापक सुरक्षा व्यवस्था मिलाइएको पनि जनाएको छ ।

**GTA**

गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन (GTA) ले एक आदेश जारी गर्दै विभिन्न कार्यालयहरूमा पुनः रोजगारी वा सेवा विस्तारमा रहेका रिटायर्ड कर्मचारीहरूको नियुक्ति तत्काल प्रभावले समाप्त गरेको छ। GTA सचिवालय, लालकोठी, दार्जिलिङबाट जारी आदेश अनुसार, ६० वर्ष उमेर पार गरेका र पुनः नियुक्त भएका अधिकारी तथा कर्मचारीहरूको सेवा समाप्त गर्ने निर्णय गरिएको हो।

बाइट

****** ○ ******